त्रिभुवन विश्वविद्यालय
# विज्ञान तथा प्रविधि अध्ययन संस्थान
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं. १८२/०६६/०६८

मिति: २०७७/७/१७

श्रीमान् क्याम्पस प्रमुख / विभागिय प्रमुखज्यू
विज्ञान तथा प्रविधि त्रिचन्द्र क्याम्पस / केन्द्रिय विभाग
स्नातकोत्तर सबै विषय ।

**विषय : जानकारी सम्वन्धमा ।**

उपर्युक्त सम्वन्धमा नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद्, सानोठिमी, भक्तपुर, नेपालको पत्र प्राप्तभई जानकारी प्राप्त भयो सोको सम्वन्धमा सम्पूर्ण कार्यालयमा सूचना संप्रेषण गरी दिनु भनि पत्र प्राप्त भएकोले सोको प्रतिलिपि सहित सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

.............................
डा. खगेश्वर मण्डल
सहायक डीन

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(..........................................शाखा)

राष्ट्रिय युवा परिषद-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:

च.नं.:

मिति : २०७७।६।११

**विज्ञान तथा प्रविधि क्षेत्रमा अनुसन्धान सहयोगका लागि अनुसन्धान प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना**

प्रस्तुत विषयमा राष्ट्रिय युवा परिषद्को आ. व. २०७७।७८ को वार्षिक स्वीकृत कार्यक्रमहरु मध्ये युवाका लागि विज्ञान तथा प्रविधिमा प्रवर्द्धन कार्यक्रम अन्तर्गत विज्ञान तथा प्रविधि क्षेत्रका विषयहरु मध्ये कुनै एक विषयमा स्नातकोत्तर तहमा अन्तिम वर्ष /अन्तिम सेमेष्टरमा नियमित रुपमा (शोध अनुसन्धान गर्न योग्य ) अध्ययनरत ३२ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु ५०,०००। (पचास हजार) का दरले अनुसन्धानमा सहयोग गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक साथै २०७८ आषाढ १५ गते सम्ममा सम्पूर्ण अनुसन्धानको कार्य सम्पन्न गर्न सक्ने १६-४० उमेर समूहका युवा/ विद्यार्थीहरुले तपसीलका कागजपत्रहरु सहित मिति २०७७ कार्तिक मसान्तसम्म यस परिषद्को योजना तथा वैदेशिक समन्वय शाखामा (परिषद्ले तोकेका न्युनतम विषय शीर्षकहरु समावेश भएको ) अनुसन्धान प्रस्तावनाको सक्कलै प्रति सहितको विवरण पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।अनुसन्धान सहयोगका लागि युवाका लागि विज्ञान तथा प्रविधि सहयोग (Research Grant) सम्बन्धी कार्यान्वयन प्रक्रिया २०७७ ले तोकेका आधारहरूमा मूल्यांकन समितिवाट छनौट भई सिफारिश भएका विद्यार्थीहरुको नामावली यस परिषद्को वेभसाईट तथा सम्वन्धित विश्वविद्यालय /क्याम्पसहरुमा समेत पठाईनेछ।रित नपुगेका र तोकिएको समय भित्र प्राप्त नभएका प्रस्तावनालाई मूल्यांकन प्रक्रियामा समावेश नगराईने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसील</u>

१. परिषद्ले तोकेको ढाँचाको निवेदन ।

२. नेपाली नागरिकताको प्रतिलिपि ।

३. स्नातक तहको ट्रान्सक्रिप्ट तथा स्तानकोत्तर तहमा प्राप्त गरेको वार्षिक/ सेमेष्टरको मार्कसिट/ ग्रेड सिटको प्रतिलिपि ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(...............................................शाखा)

प.सं.:

च.नं.:

४. सम्वन्धित शिक्षण संस्था तथा सुपरिवेक्षले स्वीकृत शोध प्रस्तावना (Proposal) र संस्थाको सिफारिश पत्रको सक्कल प्रति।

५. निवेदन तथा प्रस्तावनाको न्युनतम विषय शीर्षक ढाँचा परिषद्को वेभ साईट www.nyc.gov.np वाट डाउनलोड गर्न सकिनेछ ।

६. समावेशी समूहको हकमा उक्त समूहको प्रमाण।

........................

डा. बाबुराम ढुंगाना

नि. प्रशासकीय प्रमुख

प्रशासकीय प्रमुख